# हिंसा प्रभावित महिलाका लागि सेवाकेन्द्र सञ्चालन, व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, २०८०

मानननीय मन्त्रिस्तरबाट स्वीकृत मिति: २०८०।१०।१२

प्रस्तावना: समाजमा हुने घरेलु हिंसा तथा सामाजिक हिंसाबाट पीडित महिलाहरुलाई तत्काल उद्धार गरी तिनीहरुको अवस्था अनुसार शारीरिक तथा मानसिक स्वास्थ्योपचार, आवश्यक कानुनी परामर्श एवम् सहयोग मार्फत न्यायिक प्रकृयामा सहयोग पुर्याई पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनर्स्थापनाको क्षेत्रमा लुम्बिनी प्रदेशमा रहेका जिल्लास्तरीय सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापनको मापदण्ड निर्धारण तथा अनुदान वितरण कार्यक्रम सरल, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेशको सुशासन नियमावली, २०७७ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "हिंसा पीडित महिलाका लागि सेवाकेन्द्र सञ्चालन, व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "डिभिजन कार्यालय" भन्नाले लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मातहतका सामाजिक विकास डिभिजन कार्यालय सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(ङ) "संस्था" भन्नाले घरेलु हिंसा वा लैङ्गिक हिंसाबाट प्रभावित महिलाका लागि सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भइ निरन्तर सञ्चालन भैरहेका गैरनाफामूलक संस्था र महिलाहरुद्वारा स्थापित भै साविकमा नेपाल सरकार महिला तथा बालबालिका कार्यालयबाट प्रवर्द्धित घरेलु हिंसा वा लैङ्गिक हिंसाबाट प्रभावित महिलाका लागि सेवा प्रदान गरिरहेका महिला सहकारी संस्था समेतलाई सम्झनुपर्छ।

(च) "सेवाकेन्द्र" भन्नाले हिंसा पीडित महिलाहरुलाई उद्धार गरी तिनीहरुको अवस्थाअनुसार शारीरिक तथा मानसिक औषधोपचारका साथै कानुनी प्रकृयामार्फत न्याय दिलाई परिवार तथा समाजमा पुनर्स्थापना गर्न सहयोग पुर्याउने आवास सहितका सेवाकेन्द्र सम्झनुपर्छ।

(छ) "जिल्ला सेवाकेन्द्र" भन्नाले जिल्लास्तरमा सञ्चालित सेवाकेन्द्र सम्झनुपर्छ।

(ज) "सामुदायिक सेवाकेन्द्र" भन्नाले स्थानीय तहबाट सञ्चालित गाउँ/नगर पालिकास्तरीय र वडास्तरीय सेवाकेन्द्र सम्झनुपर्छ।

(झ) "पीडित" भन्नाले घरेलु हिंसा वा सामाजिक हिंसाबाट पीडित वा प्रभावित महिलाहरु सम्झनु पर्छ।

३. उद्देश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) समाजमा हुने घरेलु तथा सामाजिक हिंसामा परेका महिलाहरुको तत्काल उद्धार गर्ने।

(ख) पीडित महिलाहरुलाई सुरक्षित आश्रयस्थल र आवश्यक स्वास्थ्योपचार सेवा, मनोसामाजिक परामर्श सेवा, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी सेवा प्रदान गरी न्यायिक प्रकृयामार्फत न्याय दिलाउन सहयोग गर्ने।

(ग) लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि पीडित महिलाहरुका जिल्ला तथा समुदायस्तरमा सञ्चालित सेवाकेन्द्रहरुलाई अनुदान सहयोग उपलब्ध गराउने।

४. <u>निर्देशक समितिको गठन:</u> (१) सेवाकेन्द्रको मापदण्ड निर्धारण तथा अनुदान वितरण कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न तथा मन्त्रालयलाई यस सम्बन्धमा आवश्यक नीतिगत निर्देशन गर्न मन्त्रालयमा देहाय बमोजिमको एक प्रदेशस्तरीय निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | संयोजक |
| (ख) योजना महाशाखा प्रमुख, गृह मन्त्रालय | सदस्य |
| (ग) योजना महाशाखा प्रमुख, अर्थ मन्त्रालय | सदस्य |
| (घ) योजना महाशाखा प्रमुख, शहरी विकास हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) OCMC क्षेत्र हेर्ने महाशाखा प्रमुख, स्वास्थ्य मन्त्रालय | सदस्य |
| (च) योजना महाशाखा प्रमुख, मन्त्रालय | सदस्य |
| (छ) महाशाखा प्रमुख, सम्बन्धित महाशाखा हेर्ने, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले बैठकमा सेवाकेन्द्र प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यक्तानुसार बस्न सक्नेछ।

(४) समितिले आफ्नो बैठकको कार्यविधि आफै तय गर्नेछ।

(५) समितिको बैठकको निर्णय संयोजक र सदस्यसचिवले प्रमाणित गर्नेछन्।

५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> (१) दफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सम्बन्धी योजना तर्जूमा र नीतिगत मार्ग निर्देशन गर्ने।

(ख) सेवाकेन्द्र सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण र हेरफेर गर्ने।

(ग) कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन गर्ने विधि तथा संयन्त्र निर्धारण गर्ने।

(घ) संचालित कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्ने।

(ङ) कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था बीच समन्वय एवं सहयोगको आदान प्रदान गर्ने ।

(च) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्ति विकास सम्वन्धी कार्य गर्ने ।

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन समितिहरुलाई आवश्यक निर्देशन दिने।

(ज) कार्यक्रम कार्यान्वयनको प्रक्रिया एवं कार्यविधि निर्धारण तथा नीतिगत निर्णयहरु गर्ने ।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकार मध्ये समितिले केही अधिकार लिखितरुपमा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

६. <u>सञ्चालक समितिको गठन:</u> (१)जिल्लास्तरमा सञ्चालित सेवाकेन्द्र तथा गाउँ/नगरपालिकास्तरमा सञ्चालित सेवाकेन्द्रहरुको सञ्चालन, रेखदेख र अनुगमन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक जिल्लास्तरीय समिति रहनेछ।

क) जिल्ला समन्वय समितिका उपप्रमुख– संयोजक

ख) जिल्ला सदरमुकाम रहेको स्थानीय तहको उपाध्यक्ष/उपप्रमुख– सदस्य

ग) सामाजिक विकास डिभिजन कार्यालयको प्रमुख– सदस्य

घ) सेवाकेन्द्रको प्रमुख– सदस्य

ङ) जिल्लास्थित OCMC प्रमुख– सदस्य

च) जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ट नागरिक सेवाकेन्द्र प्रमुख– सदस्य

छ) जिल्ला समन्वय समितिको प्रशासन हेर्ने शाखा अधिकृत– सदस्य सचिव

(२) सञ्चालक समितिको सचिवालय जिल्ला समन्वय समितिमा रहनेछ।

(३) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) जिल्लास्थित सेवाकेन्द्र तथा सामुदायिक सेवाकेन्द्रलाई आवश्यक मार्गनिर्देशन गर्ने,

ख) सेवाकेन्द्रको लागि उपयुक्तताको आधारमा घरभाडा सम्बन्धि निर्णय गर्ने,

ग) सेवाकेन्द्रले पेश गरेको आयव्यय विवरणको उपयुक्तताका आधारमा अनुमोदन गर्ने,

घ) सेवाकेन्द्रको व्यवस्थापनमा आवश्यक सहयोग र समन्वय गर्ने,

ङ) समितिको वार्षिक प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने।

८. अनुगमन तथा मूल्याङ्कन समितिको गठनः (१) लुम्बिनी प्रदेशभित्रका प्रत्येक जिल्लामा सञ्चालित सेवाकेन्द्रबाट प्रदान गरिने सेवाको अनुगमन तथा मूल्याङ्कन गरी मन्त्रालयलाई नीतिगत तथा अन्य मापदण्ड निर्धारणमा सहयोग गर्न मन्त्रालयमा तपसिल बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, सम्बन्धित विषयगत महाशाखा | संयोजक |
| (ख) | विषयगत शाखा प्रमुख, गृह मन्त्रालय | सदस्य |
| (ग) | OCMC क्षेत्र हेर्ने अधिकृतस्तर प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | सदस्य |
| (घ) | मन्त्रालयको कानुन अधिकृत | सदस्य |
| (ङ) | विषयगत शाखा प्रमुख, मन्त्रालय | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। उक्त बैठकमा बढीमा २ जना सम्म विज्ञ प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

(३) समितिले आफ्नो बैठकको कार्यविधि आफै तय गर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) कार्यक्रम कार्यान्वयन गर्ने सेवाकेन्द्रलाई नियमित निर्देशन, सल्लाह, सुझाव तथा पृष्ठपोषण दिने।

(ख) संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने र वार्षिक प्रतिवेदन तयार गरी प्रदेशस्तरीय निर्देशक समितिमा पेश गर्ने।

(ग) सेवाकेन्द्रको मापदण्ड निर्धारण सम्बन्धमा प्रदेशस्तरीय निर्देशक समितिलाई आवश्यक सुझाव दिने।

(घ) सेवाकेन्द्र सञ्चालनमा जिल्लाहरुले गरेका असल अभ्यासहरु सम्बन्धमा सूचना सम्प्रेषण गरी अन्य सेवाकेन्द्र सञ्चालनमा आवश्यक सहयोग पुर्याउने।

९. संस्था छनौटका प्रक्रिया र मापदण्डहरुः (१) जिल्लास्तरीय सेवाकेन्द्र छनौटका लागि समाजिक विकास डिभिजन कार्यालयमा देहायबमोजिमको एक मूल्यांकन तथा छनौट समिति रहनेछः

| | | |
|---|---|---|
| १. | कार्यालय प्रमुख, सामाजिक विकास डिभिजन कार्यालय | संयोजक |
| २. | सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि एकजना | सदस्य |
| ३. | जिल्लास्थित स्वास्थ्य कार्यालयको प्रतिनिधि एकजना | सदस्य |
| ४. | डिभिजन कार्यालयको खरिद सम्बन्धि ईकाई हेर्ने प्रतिनिधि | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन तथा छनौट समितिमा डिभिजन कार्यालयको लेखा शाखा प्रमुख आमन्त्रित सदस्य रहन सक्नेछ ।

(३) मूल्यांकन तथा छनौट समितिले सेवाकेन्द्र छनौट गर्दा निम्न प्रक्रिया र मापदण्ड अवलम्बन गर्नुपर्नेछ।

(क) डिभिजन कार्यालयले सेवाकेन्द्रहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी १५ दिनको सूचना आव्हान गर्नेछ। त्यस्तो सूचना डिभिजन कार्यालयको वेव साईटमा प्रकाशन गर्नुको साथै सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ। डिभिजन कार्यालयले आवश्यकता अनुसार सूचनाको म्याद १५ दिन थप गर्न सक्नेछ।

(ख) जिल्ला स्तरमा एक मात्र सेवाकेन्द्रलाई अनुदान दिनेगरी छनौट गर्नुपर्नेछ।

(ग) सूचना आव्हान गर्दा सेवाकेन्द्रले दरखास्तसँगै दफा १२ बमोजिमका विवरणहरु समेत पेश गर्ने बारेमा उल्लेख गर्नुपर्नेछ।

(घ) उपदफा (१) बमोजिमको समितिले सामाजिक विकास डिभिजन कार्यालयमा प्राप्त भएका प्रस्तावनाहरु मध्येबाट दफा १२ मा उल्लेख भएका अधिकतम प्रावधान पूरा गरेका जिल्ला सेवाकेन्द्रलाई औचित्यता हेरी छनौट गर्न सक्नेछ।

१०. <u>सेवाकेन्द्रको कार्य जिम्मेवारी:</u> (१) जिल्ला सेवाकेन्द्रको कार्यजिम्मेवारी देहायबमोजिम हुनेछ।

(क) पीडित महिलाको उद्दार गर्नुपर्ने भएमा प्रहरीको सहयोगमा तत्काल उद्दार गर्ने,

(ख) OCMC को समन्वयमा पीडितलाई लागेको चोटपटक अन्य असरको स्वास्थ्योपचारको प्रवन्ध गर्ने,

(ग) पीडित/प्रभावितलाई तत्काल आवश्यक पर्ने अवस्थामा बढिमा दुइजोर एकसरो लुगा उपलब्ध गराउने,

(घ) पीडितलाई आवश्यकता र अवस्था अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने,

(ङ) पीडितलाई न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श सम्बन्धी सेवा उपलब्ध गराउने,

(च) पीडित/प्रभावित विद्यालय वा क्याम्पसमा अध्ययनरत भएमा निजको अवस्थाअनुसार पठनपाठन तथा शैक्षिक सामाग्रीको व्यवस्था मिलाउने,

(छ) कानुन कार्यान्वयन गर्ने निकायहरुसँग आवश्यक समन्वय गर्ने गराउने,

(ज) पीडितलाई दीर्घकालीन सेवा प्रदान गर्नुपर्ने अवस्था देखिएमा नजिकको दीर्घकालीन पुनर्स्थापना केन्द्रमा संप्रेषण (Refer) गर्ने,

(झ) सुरक्षित आश्रय आवश्यक नपर्ने पीडितहरुका लागि आवाश बाहेकका सेवा प्रदान गर्ने,

(ञ) सेवाप्राप्त गरी परिवार र समाजमा पुनर्स्थापना हुन चाहने र सक्ने अवस्थाका पीडितहरुलाई स्थानीय तहमा रहेका सामुदायिक सेवाकेन्द्रमार्फत पारिवारिक पुनर्मिलन गराउने,

(ट) स्थानीय तहमा रहेका सामुदायिक सेवा केन्द्रहरुसँग निरन्तर सम्पर्क र समन्वय गर्ने,

(ठ) सामुदायिक सेवाकेन्द्रसँग सेवा सम्बन्धी विवरण माग गरी प्रत्येक महिनाको जिल्लाव्यापी प्रतिवेदन तयार गरी मन्त्रालय पठाउने।

(ड) सेवाकेन्द्रको उद्देश्य हासिल गर्न सहयोग पुग्ने अन्य कार्यहरु गर्ने गराउने।

११. <u>सेवाकेन्द्रमा पीडित राख्ने सम्बन्धी व्यवस्था:</u> (१) सेवाकेन्द्रमा पीडितलाई राख्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) सेवाकेन्द्रमा पीडितलाई एकैपटक वा पटक-पटक गरी बढिमा ३० दिनसम्म मात्र राख्न सकिनेछ। तर सो अवधिभित्र पीडित समाजमा वा परिवारमा पुनर्स्थापित हुन सक्ने अवस्था नदेखिएमा सिफारिस गर्ने संस्था वा अस्पताल वा ओसिएमसी को सिफारिसमा थप १५ दिनसम्म राख्न सकिनेछ।

(ख) पीडितको उद्धार गर्दाका बखत पीडितको साथी आउने महिलालाई पनि एकैपटक वा पटक-पटक गरी सात दिनसम्म सेवाकेन्द्रको सुरक्षित आश्रयस्थलमा राख्नुपर्ने छ।

(ग) कुनै पीडित उपचारको सिलसिलामा अस्पत्तालमा बसेको रहेछ भने अस्पत्तालमा बसेको दिनलाई सेवाकेन्द्रमा बसेको दिनमा गणना गरिनेछैन।

(घ) पीडितको घर वा आफन्तसँग बस्ने अवस्था नभई पीडितको साथमा आएको पीडितको १० वर्षमुनिका बालबालिकालाई पनि सेवाकेन्द्रको सुरक्षित आश्रयस्थलमा राख्नुपर्ने छ। तर दुधेबालकलाई पीडितसँगै राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

१२. <u>सेवाकेन्द्रका लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः</u> सेवाकेन्द्र सञ्चालनका लागि देहायका न्यूनतम मापदण्ड पूरा भएको हुनुपर्ने छः

(१) आवास गृह परिसरको हकमा-

क) कुनैपनि अन्य व्यक्ति सजिलै प्रवेश गर्न नसक्ने किसिमको अग्लो पर्खाल वा तारजालीले चारैतिर घेरिएको

ख) आवासगृहको हाताभित्र प्रशस्त खुल्ला ठाउँ रहेको।

ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको।

घ) सुरक्षाको दृष्टिले उपयुक्त स्थान।

(२) आवास गृहको हकमा-

क) एकजना व्यक्ति मात्र बस्न मिल्ने कोठाको हकमा ६४ वर्गफिट र दुई वा सो भन्दा बढि व्यक्ति बस्न मिल्ने कोठाको हकमा प्रतिव्यक्ति ५० वर्गफिटको क्षेत्रफलका दुवैतर्फ झ्याल राखिएका कम्तिमा ८ वटा शैया भएका कोठा भएको।

ख) प्रभावित बालबालिकाका लागि छुट्टै कोठाको व्यवस्था भएको।

ग) कोठाको भूईंमा उपयुक्त कार्पेटिङ, झ्यालमा पर्दा र लेखपढ गर्ने आवश्यक फर्निचरको व्यवस्था भएको।

घ) मनोसामाजिक विमर्श (psycho-social Counseling) का लागि छुट्टै कक्षको व्यवस्था।

ङ) मनोरञ्जन, अन्तर्क्रिया र आमोदप्रमोदका लागि टेलिभिजन सहितको साझा कक्ष (Common Room) को व्यवस्था।

च) शौचालय तथा स्नाकक्ष को उपयुक्त व्यवस्था भएको।

छ) सुविधा उपलब्ध भएका स्थानमा साझा टेलिफोन र वाइफाइको व्यवस्था भएको।

ज) ठाउँ अनुसार पङ्खा, एसी वा हिटरको व्यवस्था भएको।

झ) कपडा धुने, नुहाउने, कपडा सुकाउने व्यवस्था व्यवस्था भएको।

ञ) सरसफाईका लागि आवश्यक पर्ने सामाग्रीको पर्याप्त व्यवस्था भएको।

ट) प्रत्येक तलामा अग्नी नियन्त्रण सम्बन्धी उपकरणको व्यवस्था भएको।

ठ) भवनको सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहराको व्यवस्था भएको।

(३) लुगाफाटोको हकमा-

क) प्रत्येक व्यक्तिका लागि छुट्टाछुट्टै डसना, सिरानी, तन्ना, सिरक वा ब्लाङकेट, खोल चाहिनेमा एक एक थान खोल, आवश्यकता अनुसार झुल समेतको विस्तारा सहितको खाटको व्यवस्था भएको।

ख) एकएक जोर चप्पलको व्यवस्था भएको।

ग) लगाउने कपडा नभएका पीडितको हकमा एकसरो लगाउने लुगा भएको।

(४) खानेकुराको हकमा-

क) विहान चियासँगै केही नास्ताको व्यवस्था भएको।

ख) दिउँसो खानाको व्यवस्था भएको।

ग) अपरान्ह चिया र खाजाको व्यवस्था भएको।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

घ) बेलुकी खानाको व्यवस्था भएको।

ङ) मांशाहारीका लाग हप्तामा दुईपटक माछामासु तथा शाकाहारीका हकमा दुध, दही, फलफुल, पनिर, च्याउ आदिको व्यवस्था भएको।

च) उमालेको वा शुद्धिकरण गरिएको पर्याप्त सफा र स्वच्छ पिउने पानीको व्यवस्था भएको।

(५) अस्पत्तालमा संरक्षणमा लिइएका प्रभावित महिलाको हकमा स्वास्थ्योपचार गराउनुका साथै देहाय बमोजिमका व्यवस्था भएको हुनुपर्ने छ।

क) प्राथमिक उपचार सम्बन्धी उपयुक्त व्यवस्था भएको।

ख) पीडितको अवस्था अनुसार नियमित उपचार हुने व्यवस्था भएको।

ग) आकस्मिक उपचारको प्रवन्ध भएको।

घ) आश्रित बालबालिका भएको अवस्थामा उमेर अनुसार लगाउनुपर्ने खोपको व्यवस्था भएको।

(६) मनोसामाजिक विमर्शको हकमा- सञ्चालक समितिले निर्धारण गरेको योग्यता प्राप्त (Counselor) बाट देहाय बमोजिम मनो सामाजिक विमर्श सेवा प्रदान गर्नुपर्छ।

क) पीडित व्यक्तिलाई हप्तामा कम्तिमा एकपटक नियमित सेवा

ख) पीडित व्यक्तिको मनोदशा र अवस्था हेरिकन थप आवश्यक सेवा

ग) पीडित व्यक्तिलाई अवस्था अनुसार योगध्यान र साधना सम्बन्धी सेवा

(७) कानुनी सेवाको हकमा-

क) पीडितले न्याय प्राप्त गर्न आवश्यक पर्ने निःशुल्क कानुनी परामर्शको व्यवस्था भएको।

ख) पीडितको प्रचलित कानुन बमोजिमको हक स्थापित गर्न आवश्यक पर्ने न्यायिक प्रकृयामा सहयोग गर्ने व्यवस्था भएको

यस सम्बन्धमा जिल्ला स्थित न्यायालयमा रहेको निःशुल्क कानुनी सेवाको उपयोग गर्न आवश्यक सहयोग गर्नुपर्ने छ।

१३. <u>सेवाकेन्द्र सञ्चालन सम्बन्धी व्यवस्थाः</u> सेवाकेन्द्रले सेवाकेन्द्र सञ्चालन गर्दा देहायका सामान्य व्यवस्थाहरु पालना गर्नुपर्नेछ-

क) पीडितलाई ममतामय, समानुभूतिपूर्ण एवम् सम्मानजनक व्यवहारको सुनिश्चतताका लागि लिखित आचारसंहिता बनाई सो को प्रतिवद्ध रुपले पालना गर्नुपर्ने।

ख) पीडितको पहिचानको गोपनीयता कायम राख्ने र इच्छाविपरितको कुनै पनि कार्यमा नलगाउने सुनिश्चितता गर्नुपर्ने।

ग) सेवाकेन्द्रमा पीडितलाई उनीहरुका आफन्तसँग भेटघाट र गोप्य कुराकानी गर्न मिल्ने व्यवस्था गर्नुपर्ने।

घ) आवश्यकता बमोजिम सरकारी आयुर्वेद अस्पत्ताल मार्फत योगध्यान, थेरापी तथा अन्य उपचारको व्यवस्था गर्नुपर्ने।

ङ) अनुमतिप्राप्त चिकित्सक, सरसफाईकर्मी, अत्यावश्यक सुरक्षाकर्मी, मन्त्रालयका अनुगमन तथा मूल्याङ्कनकर्ता तथा सेवाकेन्द्रका सञ्चालक एवम् सेवाकेन्द्रका कर्मचारी बाहेक अन्य व्यक्तिलाई पीडितको आवासमा जान पूर्णतया प्रतिबन्ध लगाउनुपर्ने।

च) पीडित तथा आफन्त लगायतको पहुँच हुने गरी उजुरीपेटिकाको व्यवस्था र कम्तिमा महिनामा एकपटक खोल्ने र प्राप्त उजुरी तथा सुझावको लिखित अभिलेख राखी सुधार गर्दै जाने प्रतिवद्धता जनाउनुपर्ने।

छ) सेवाकेन्द्रका लागि लिइएको घरको नियम बमोजिम घरबहालकर, पानी, बिजुली आदिको बिल भुक्तानीको स्पष्ट व्यवस्था सहित घरधनीसँग अनिवार्य घरबहाल सम्झौता गरेको हुनुपर्ने छ।

१४. <u>सेवाकेन्द्रमा रहने जनशक्ति सम्बन्धी व्यवस्थाः</u> सेवाकेन्द्रमा पीडितलाई सेवा प्रदानका लागि केन्द्र प्रमुख एकजना, चौकिदार एकजना र सफाईकर्मी एकजना हुनुपर्नेछ। यस्ता कर्मचारी महिला नै हुनुपर्नेछ। साथै

आवश्यक परेको समयमा उपलब्ध हुनेगरी मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार समेतको सुनिश्चितता हुनुपर्नेछ।

१५. <u>अभिलेख सम्बन्धी व्यवस्था:</u> सेवाकेन्द्रले देहायबमोजिम अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने छ-

क) पीडित महिलाको नाम ठेगाना उमेर खुल्ने अभिलेख दर्ता रजिष्टर

ख) संरक्षित व्यक्तिको दैनिक हाजिरी रजिष्टर

ग) पीडितको व्यक्तिगत गोप्य फाइल

घ) मन्त्रालय अन्य व्यक्ति तथा निकायबाट प्राप्त अनुदान र सहयोगको प्रचलित कानुन बमोजिम लेखा राख्ने व्यवस्था

ङ) पीडितलाई प्रदान गरिएको स्वास्थ्य सेवा, मनोपरामर्श सेवा र कानुनी सेवाको विवरण

च) मन्त्रालयस्तरबाट भएको अनुगमनको विवरण

छ) सञ्चालक समितिले तोकेका अन्य अभिलेख

ज) सेवाकेन्द्रले आवश्यक देखेका अन्य विवरण

१६. <u>सेवाकेन्द्रले गर्ने खर्चको सीमा सम्बन्धी व्यवस्था:</u> सेवाकेन्द्रले देहायका प्रयोजनमा देहायका सीमाभित्र रही खर्च गर्नुपर्ने छ-

१. घरबहाल सम्बन्धमा: सेवाकेन्द्रको कार्यालय तथा सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडावापत साधारणतया हिमाली वा पहाडी जिल्लामा अधिकतम वार्षिक एकलाख पचासहजार रुपैया र तराईका जिल्लामा अधिकतम वार्षिक दुईलाख रुपैयामा नबढ्ने गरी सञ्चालक समितिले घरको बनावट बमोजिम स्वीकृत गरेको रकम।

२. सामाग्री व्यवस्थापन सम्बन्धमा: सेवाकेन्द्र व्यवस्थापन गर्नुपर्ने अवस्थामा खाट, बिस्तारा, भाँडाकुँडा, टेलिभिजन, खातापाता लगायतका मालसामान फेर्नुपर्ने वा थप गर्नुपर्ने भएमा शैया सङ्ख्या तथा क्षमता अनुसार पचासहजार रुपैयामा नबढ्ने गरी सञ्चालक समितिले स्वीकृत गरेको रकम र चालु अवस्थामा रहेको सेवाकेन्द्रको हकमा सञ्चालक समितिको निर्णय बमोजिम अत्यावश्यक मर्मत तथा थप गर्नका लागि अधिकतम पच्चिसहजार रुपैयासम्म।

३. औषधि उपचार सम्बन्धमा: पीडितको उपचार गराउँदा विरामी तथा कुरुवा समेतको जोडेर देहायको सिमाभित्र रही बिलबमोजिमको खर्च भुक्तान गर्न सकिनेछ। त्यस्तो उपचार सञ्चालक समितिले तोकेको सरकारी अस्पत्तालमा मात्र गराउनुपर्ने छ।

क) अस्पत्तालमा भर्ना हुनुनपर्ने अवस्थामा सेवाकेन्द्रमै बसी उपचार गराउँदा अस्पत्ताल आतेजाते मितव्ययी सवारी साधनको भाडा तथा स्वास्थ्य परीक्षण र औषधि खरिदको बिलबमोजिम अधिकतम रु पाँचहजारसम्म मात्र।

ख) अस्पत्तालमा भर्ना भइ उपचार गराउनुपर्ने अवस्थामा अस्पत्ताल आतेजाते मितव्ययी सवारी साधनको भाडा तथा स्वास्थ्य परीक्षण र औषधि खरिदका अतिरिक्त बिरामी र एकजना कुरुवाको अधिकतम् पाँच दिनसम्मको लागि खाने खर्च समेतका लागि प्रतिव्यक्ति प्रतिदिन रु पाँचसयका दरले अधिकतम रु आठहजारसम्म मात्र।

ग) खण्ड क र ख बाहेक सञ्चालक समितिले उपयुक्त देखेमा निर्णय गरी रु चारहजारसम्म थप गर्न सक्नेछ।

४. कानुनी परामर्श तथा न्याय सम्बन्धमा: पीडितलाई न्याय दिलाउनका लागि आवश्यक पर्ने कानुनी प्रकृयाका लागि सञ्चालक समितिले सम्बन्धित जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा रहेको निशुल्क सेवामार्फत सेवा प्रदानका लागि सिफारिस गर्नुपर्नेछ। कानुनी उपचारका लागि अड्डा अदालत आतेजाते मितव्ययी सवारी साधन तथा भत्तात्ती नगरी नहुने कानुनी

दस्तुरका लागि बिल भर्पाइ बमोजिमको अधिकतम दुईहजार पाँचसय रुपैयासम्म। सो बाहेक सञ्चालक समितिले थप रकम दिन उपयुक्त देखेमा दुईहजार पाँचसय रुपैयासम्म थप दिने निर्णय गर्न सक्नेछ।

५. पीडितलाई सेवाकेन्द्रमा रहेको अवधिभर प्रतिदिन फुटकर खर्चवापत तिस रुपैया उपलब्ध गराउनुपर्नेछ।

६. फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको लागेको टिकट बमोजिमको शुल्क र एकैदिन पुगिने ठाउँको हकमा खाजा खर्चबापत प्रतिव्यक्ति एकसय रुपैया र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक पाँचसय रुपैया दिनुपर्नेछ।

७. सेवाकेन्द्रमा रहेको अवधिभर पीडित र साथी समेतको खानेकुराका लागि प्रतिव्यक्ति प्रतिदिन अधिकतम चारसय रुपैयासम्म खर्च गर्नुपर्नेछ।

८. पीडितलाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति अधिकतम एकहजार रुपैयासम्म खर्च गर्न सकिनेछ।

९. सेवाकेन्द्रको जनशक्ति व्यवस्थापन, प्रतिवेदन लेखन, विभिन्न सञ्चालन तथा सेवा शुल्क (खानेपानी, बिजुली आदि) भुक्तानी, सेवाकेन्द्रका गतिविधिको समय समयमा गरिने समिक्षा र सेवाकेन्द्रका अन्य आवश्यक गतिविधि समेतका लागि एक आ. व. मा अधिकतम एकलाख पचासहजार रुपैयासम्म पुष्ट्याईंका आधारमा सञ्चालक समितिको निर्णयबाट स्वीकृत भए बमोजिमको एकमुष्ट रकम खर्च गर्न पाउनेछ।

१०. सेवाकेन्द्रको सञ्चालक समितिको बैठकमा सेवाकेन्द्रलाई प्राप्त भएको बजेटरकमबाट खाजाखर्च वापत प्रतिव्यक्ति दुईसय रुपैयामा नबढ्ने गरी अधिकतम वार्षिक पन्ध्रहजार रुपैयासम्म खर्च गर्न सकिनेछ।

११. सेवाकेन्द्र सञ्चालक समितिको बैठक वापतको भत्ता सेवाकेन्द्रको बजेटबाट खर्च गर्न पाइनेछैन। त्यस्तो भत्ता वापतको रकम जिल्ला समन्वय समितिले आफ्नो बजेटबाट व्यवस्था गर्न सक्नेछ।

१२. सेवाकेन्द्र सञ्चालनका समयमा आवश्यक विपद् तथा भैपरी आउने कार्यका लागि तत्काल रु दशहजार रुपैयासम्म सञ्चालकले खर्च गर्न पाउनेछ। तर यस्तो खर्चरकम तत्काल बस्ने सञ्चालक समितिको निर्णयबाट अनुमोदन गराउनुपर्नेछ। साथै सेवाकेन्द्रमा रहेका पीडितका राष्ट्रिय पर्व तथा चाडवाड समेतका लागि वार्षिकरुपमा अधिकतम रु दशहजार रुपैयासम्म सञ्चालक समितिको निर्णयबाट खर्च गर्न पाउनेछ।

१७. <u>सम्झौता गर्नुपर्ने:</u> मन्त्रालयबाट अनुदान प्राप्त गर्ने सेवाकेन्द्र सञ्चालक संस्था र सामाजिक विकास डिभिजन कार्यालय बिच कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्नुपर्ने छ। त्यस्तो सम्झौताको ढाँचा अनुसूची १ मा व्यवस्था भएबमोजिम हुनेछ।

१८. <u>लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था:</u> सेवाकेन्द्र सञ्चालन गर्ने संस्थाले प्रचलित कानुन बमोजिम आफ्नो आयव्ययको लेखा राख्नुपर्नेछ र त्यस्तो लेखाको लेखापरिक्षण गराउनुपर्नेछ।

१९. <u>बाधा अड्काउ फुकाउ:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषय यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

२१. **<u>कार्यविधिमा संशोधन:</u>** यस कार्यविधिमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

(दफा १७ सँग सम्बन्धित)

**सेवाकेन्द्र सञ्चालन गर्ने संस्था र सामाजिक विकास डिभिजन कार्यालय बीच गरिने सम्झौताको ढाँचा**

सेवा केन्द्र सञ्चालक संस्था र मन्त्रालय बीच गर्ने संझौताको ढाँचा

चन्द्रकला (सि.के.) गुप्ता

जिल्ला सेवा केन्द्र सञ्चालन गर्ने, गराउने सम्बन्धमा सामाजिक विकास डिभिजन कार्यालय, ...................... र .........................(संस्थाको नाम ) बीचको संझौता पत्र

प्रदेश सरकार, सामाजिक विकास डिभिजन कार्याल (यस पछि पहिलो पक्ष भनिएको) र ... ..(संस्थाको नाम). ... ... .. ... ..., ... ... ... (यस पछि दोश्रो पक्ष भनिएको बीच) का बीच सामाजिक विकास डिभिजन कार्यालयको मार्गदर्शनमा लैङ्गिक तथा घरेलु हिंसाबाट प्रभावित महिलाका लागि सेवा केन्द्र सञ्चालक संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित ... ... ... मा जिल्ला सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने, गराउने सम्बन्धमा तपसिलका शर्तहरू एक आपसमा पालना गर्ने गरी यो संझौता पत्रमा सहीछाप गरी एक-एकप्रति बुझी लियौं दियौः

<u>तपसिल</u>

१. पहिलो पक्षले संस्थाको सञ्चालक समितिबाट तय भएबमोजिम ... ... ... मा ... शैयाको सुरक्षित अल्पकालीन आश्रयको सुविधासमेत घरेलु हिंसाबाट प्रभावित महिलाको तत्काल संरक्षण, राहत एवं न्यायमा पहुँचका लागि आवश्यक सहयोग गर्न र समुदायस्तरका सेवा केन्द्रहरूसँग समन्वय गरी सामाजिक जागरण, पारिवारिक पुनर्मिलन एवं पुनःस्थापनाका कार्यहरूमा सहजीकरण गर्न जिल्लास्तरीय सेवा केन्द्र सञ्चालन गर्नेछ।

२. बुँदा (१) मा उल्लिखित कार्यका सिलसिलामा प्रभावित महिलाले प्राप्त गर्नुपर्ने सेवाका न्यूनतम मापदण्ड, खर्चका मानक (Norms) एवं संस्थाको उत्तरदायित्व लगायतका अन्य कुरा उल्लेखित कार्यक्षेत्रगत शर्त (Terms of Reference) बमोजिम हुनेछ, जुन यो संझौतापत्रको अभिन्न अङ्ग मानिनेछ।

३. बुँदा (१) मा उल्लिखित सबै प्रकारका सेवाहरू प्रभावित महिलाका हकमा निःशुल्क हुनेछन्।

४. बुँदा (१) मा उल्लिखित कार्यहरू सम्पादन गर्दा पहिलो पक्षले प्रभावित महिलाको अधिकारको उच्चतम सम्मान गर्नेछ तथा बुँदा (२) मा उल्लिखित कार्यक्षेत्रगत शर्तमा निर्धारित गृह परिसरको सुरक्षा लगायतका न्यूनतम मापदण्डहरुको पूर्ण पालना सुनिश्चित गर्न आवश्यक प्रक्रियाहरूको स्थापना, कर्मचारी, कामदारको प्रशिक्षण, आचारसंहिताको निर्धारण, आन्तरिक सुपरिवेक्षण र गुनासो सुनुवाइको समुचित व्यवस्था मिलाउनेछ।

५. संस्थाले २०८१ असार मसान्तसम्म अविच्छिन्न रूपमा बुँदा (१) मा उल्लिखित सेवाहरू सञ्चालन गर्नेछन्।

६. (५) मा उल्लिखित अवधिसम्म बुँदा (१) मा उल्लिखित सेवाहरू सञ्चालन गर्न पहिलो पक्षले दोश्रो पक्षलाई कार्य समितिले निर्णयगरी खर्चका मानक बमोजिम यथार्थ खर्चको माग गरेको आधारमा कार्यक्रम अनुदान प्रदान गर्नेछः

७. बुँदा (६) बमोजिम शोधभर्ना माग गर्दा संस्थाले सञ्चालक समितिबाट तय भएबमोजिम मन्त्रालयले तोकेको ढाँचामा मासिक प्रगति, खर्चको फाँटबारी र सम्प्रेषण, संरक्षण एवं फिर्ता सम्प्रेषणको मिति, अवधि, स्थान खुलेको सम्बन्धित प्रभावित महिलाको हस्ताक्षर सहितको नामावली लगायतका खर्च पुष्टि गर्ने कागजातको नक्कल पेश गर्नुपर्नेछ।

८. सञ्चालक संस्थाले सम्प्रेषणको क्रममा वा संरक्षणमा रहुञ्जेल सञ्चालक समितिले तय गरे बमोजिम मन्त्रालयले तोकेको प्रकृतिको स्वास्थ्योपचार गराउनुपर्ने प्रभावित महिलाको हकमा त्यसै गरी तोकिएको अस्पताल वा स्वास्थ्य केन्द्रबाट सोको समुचित व्यवस्था गर्नेछ।

९. संस्थाले यो संझौता पत्र बमोजिम कार्य सम्पादन गर्दा आर्थिक कारोबार एवं त्यस्तो कारोबार पुष्टि गर्ने कागजातका साथै सम्बन्धित प्रभावित महिलाको नाम दर्ता किताव लगायत प्रदत्त सेवाहरूको सम्पूर्ण विवरण खुल्ने गरी ठीक, दुरुस्त एवं पारदर्शी अभिलेख राख्नेछ, तथा सञ्चालक समिति वा कार्यालयले मागेका बखत उपलब्ध गराउनेछ।

१०. बुँदा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सम्बन्धित प्रभावित महिलाको व्यक्तिगत एवं संवेदनशील विवरणको गोपनीयता कायम राखेछ।

११. सञ्चालक समिति वा मन्त्रालयले यो संझौता- पत्रबमोजिम संस्थाले सम्पादन गरेका कार्यहरूको सम्बन्धमा यथार्थ स्थिति बुझ्न जुनसुकै वेला जिल्ला सेवा केन्द्र तथा अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रय परिसर लगायतको स्थलगत निरीक्षण गरी अभिलेख, कागजात हेर्न एवं सम्बन्धित प्रभावित महिलाको प्रतिक्रिया बुझ्न तथा सुधार गर्नुपर्ने कुरामा सुधार गर्न सुझाव दिन सक्नेछ।

१२. यो संझौता-पत्रको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बुँदा (७) बमोजिम पेश गर्नुपर्ने विवरण वा कागजात पेश नगरेको वा झुठो विवरण वा कागजात पेश गरेको वा बुँदा (११) बमोजिम स्थलगत निरीक्षण गर्दा यो संझौता-पत्रबमोजिम पालना गर्नुपर्ने शर्तहरू पालना नगरेको देखिएको वा दिइएको मुनासिब सुझावको कार्यान्वयन नगरेको खण्डमा मन्त्रालयले संस्थालाई दिनुपर्ने शोधभर्ना वा अन्य कुनै रकम तत्काल रोक्का राखी त्यस्तो शर्त पालना गरेपछि मात्र दिन वा नदिन सक्नेछ।

१३. यो संझौता-पत्र २०८१ असार मसान्तसम्म मान्य हुनेछ।

१४. बुँदा (१३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उल्लिखित कार्यक्षेत्रगत शर्तको गम्भीर उल्लङ्घन गरेको पाइएमा मन्त्रालयले कुनै पनि वेला यो संझौता-पत्र रद्ध गर्न सक्नेछ।

१५. यो संझौता-पत्रको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आवश्यकता अनुसार दुबै पक्षको आपसी सहमतिबाट त्यस्तो विवादको निरुपण गरिनेछ। त्यसरी विवादको निरूपण हुन नसकेमा प्रचलित कानुनबमोजिम हुनेछ।

इति सम्वत् ... ... साल ... ... ... महिना ... गते रोज ... शुभम् ।

| संस्थाको तर्फबाट | डिभिजन कार्यालयको तर्फबाट |
|---|---|
| दस्तखत<br>नाम थर<br>पद | दस्तखत<br>नाम थर<br>पद |
| साक्षी | साक्षी |
| दस्तखत<br>नाम थर<br>पद | दस्तखत<br>नाम थर<br>पद |

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश